नमुना विद्यालय विकास गुरुयोजना २०७५–२०७९

# वार्षिक कार्यक्रम कार्यान्वयन प्रगति प्रतिवेदन

## आर्थिक बर्ष २०७५/२०७६

## (प्रथम वर्ष)

**प्रतिवेदक**
भिष्म कँडेल
प्रधानाध्यापक
श्री अमर माध्यमिक विद्यालय
काठेखोला गाउँपालिका–५,बिहुँकोट, बागलुङ

**१. पृष्ठभुमी**

शिक्षा विकासको मेरुदण्ड हो । पाशौणकालीन जङ्गली युग देखि आजको उत्तर आधुनिक युगको विकासक्रमको परिकल्पना शिक्षाको माध्यमवाट मात्र साकार भएको हो । वर्तमान समाजमा पनि विश्वका विकसित र विकाशोन्मुख मुलुक तथा स्वदेश भित्रकै शहरी र ग्रामीण क्षेत्रको क्षैक्षिक स्तर अवसर पहुँच एवम् गुणत्मकतामा अन्तर रहेको देखिन्छ । यसै सन्दर्भमा नेपालका ग्रामिणदेखि शहरी क्षेत्रको शैक्षिक अवसर गुणस्तर एवम् पहुँच र शिक्षा क्षेत्रमा रहेको धनी र गरिवले प्राप्त गर्ने गरेको शिक्षाको गुणस्तरमा समानता र समताको कायम गर्न एवम् दुरदराजमा रहेका वालवालिका सम्म गुणस्तरीय शिक्षा पुऱ्याउन नेपाल सरकारले विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तरगत देश भरिवाट कम्तीमा पनि १००० वटा सार्वजनिक माध्यमिक विद्यालयहरुलाई आधुनिक, अन्तराष्ट्रिय, मापदण्ड अनुसार वि.सं. २०७३ साल देखि नमुना विद्यालयको रुपमा विकास गर्न नमुना विद्यालयको अवधारणा ल्याएको थियो ।

यसै सन्दभमा काठेखोला गाउँपालिका वडा नं. ५ वागलुङ स्थित श्री अमर माध्यमिक विद्यालयले पनि नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय अन्तरगत शिक्षा तथा मानव स्रोत विकास केन्द्र द्वारा विद्यालय क्षेत्र विकास कार्यक्रम २०७३/२०७९ को उद्धेश्य पुरा गर्न नमुना विद्यालय विकासका अवधारणा पत्र २०७३ र २०७४ मा नमुना विद्यालय बिकास निर्देशिका जारी गरी सोहि अनुसारका आवश्यक मापदण्ड र सूचकहरु अनुसार मापन गर्दा वागलुङ जिल्लामै सर्वोत्कृष्ठ नतिजा प्राप्त गरी २०७५ सालमा नमुना विद्यालयको रुपमा सूचिकृत भएको थियो । त्यसपछि वि.सं. २०७५ सालमा नै नमुना विद्यालय विकास, विद्यालय सुधार गुरुयोजना २०७५/२०७९ निर्माण गरी स्थानीय तहबाट स्विकृत भई कार्यान्वयनको चरणमा रहेको छ । गुरुयोजनामा समावेश गरिएका पञ्चवर्षिय कार्यक्रमहरु अन्तरगत पहिलो वर्षका कार्यक्रमहरु(२०७५-२०७६) कार्यान्वियन सम्पन्न भइसकेका छन् ।

विद्यालयको शैक्षिक, भौतिक तथा व्यवस्थापकीय पक्ष अन्तरगत नेपाल सरकारबाट प्राप्त हुने नमुना विद्यालय अन्तरगतको स-सर्त एवम् अनुदान बजेट विद्यालयको आन्तरिक आम्दानीका स्रोतवाट प्राप्त वजेट र स्थानीय संघ सस्था, व्यक्ति, स्थानीय निकाय, वाट प्राप्त हुन सक्ने वजेट समेतको आंकलन गरी सोही वजेटमा आधारित आर्थिक लगानी सहितका कार्यक्रमहरु एवम् विद्यालयभित्र भएको मानव संसाधन र वित्तिय साधन स्रोतको समुचित उपयोग गरी बजेट मार्फत र बजेट विनानै गर्न सकिने कार्यक्रमहरु समेत समेटी योजना तयार गरिएको थियो ।

नमुना विद्यालय विकास, विद्यालय सुधार गुरुयोजनामा आ.व. २०७५/०७६ का लागि तयार गरिएको कार्ययोजनाका कार्यक्रमहरु एक वर्षे योजनाको लक्ष अनुसार वजेट अभावका कारण कार्यक्रम सम्पन्नतामा कठिनाई रहेतापनि विद्यालयको आन्तरिक स्रोतको समुचित परिचालन एवम् दाताहरुको सहयोगवाट प्राप्त रकमले लगभग ८५ प्रतिशत कार्यक्रमहरु लक्ष नजिक पुगेका छन् । विद्यालयको शैक्षिक एवम् व्यवस्थापकीय लक्ष समदूरीमा पुगेका छन भने भौतिक पक्ष सुधारका लागि हाल नमुना विद्यालय विकास वजेट उपयोग गरी तिव्र रुपमा भौतिक संरचना निर्माणको क्रममा रहेका छन् । नमुना विद्यालय बिकास, विद्यालय सुधार गुरुयोजनामा पहिलो वर्षका लागि निर्मित वार्षिक कार्यक्रम कार्यन्वयन योजनामा समाविष्ट विस्तृत कार्यकलाप, शैक्षिक पक्ष अन्तरगत कूल रु २६,५१,००० खर्च गर्ने लक्ष रहेकोमा जम्मा रु ५,५९,२७५ (२१.०९ प्रतिशत) मात्र खर्च भएको छ । तय गरिएका कार्यक्रमका लागी अनुमान गरिएको वजेट अभावका कारण कार्यक्रमको लक्ष अनुसार खर्च गर्न सकिएको छैन । त्यस्तै प्रथम वर्षको लागि भौतिक पक्ष अन्तरगतका कार्यक्रम सम्पन्न गर्न जम्मा रु ११,५६,३५,४१६.७० रुपैया खर्च गर्ने

लक्ष रहेकोमा रु २९,२६,४०२ (२.५ प्रतिशत) मात्र खर्च गरिएको छ । समग्रमा भौतिक पक्ष अन्तरगत पहिलो वार्षिय कार्यक्रमहरु लक्ष भन्दा कम मात्र सम्पन्न भएका छन् । त्यस अन्तरगत शैक्षिक भवन र वालविकास भवन निर्माण कार्य तिव्र रुपमा अगाडी वढिरहेका छन्, भने अन्य कार्यक्रमहरु वजेट अभावका कारण सुरुवात नै गर्न सकिएको छैन । प्रथम वर्षिय योजनामा समाविष्ट अन्तरगत व्यवस्थापकीय पक्षका लागि कुल रु ८६०८०० खर्च गर्ने योजना रहेकोमा कुल रु ९४४४७८.६६ खर्च भएको छ । यसरी समग्रमा शैक्षिक भौतिक र व्यवस्थापकीय पक्षको तुलना गर्दा शैक्षिक र भौतिक पक्षका कार्यक्रमहरु लक्ष अनुसार हासिल हुन नसकेता पनी व्यवस्थापकीय पक्ष अन्तरगतका कार्यक्रमहरु अपेक्षित रुपमा प्राप्त भएको छ ।

समग्रमा नमुना विद्यालय विकास गुरुयोजनाको पहिलो वर्ष आ.व. २०७५/०७६ का लागि कूल अनुमानित खर्च वजेट रु ११,९०,४७,१९८ खर्च गर्ने लक्ष रहेकोमा शैक्षिक, भौतिक र व्यवस्थापकीय पक्ष गरी कुल रु ४४,३०,१५६.६६ (३.७२ प्रतिशत) मात्र खर्च भएको छ ।

आय तर्फ आ.व. २०७५/०७६ मा नेपाल सरकारबाट अनुदान रु ११,७०,४३,२०० र विद्यालयको आन्तरिक स्रोतवाट रु २०,०४,००० गरी कुल जम्मा रु ११,९०,४७,१९८ अनुमान गरिएकोमा यथार्थ आम्दानी रु नेपाल सरकारवाट रु १,७१,५०,००० र विद्यालयको आन्तरिक स्रोतवाट रु ३४,६७,७२२.६७ गरी कुल रकम रु २,०६,१७,७२२.६७ रहेको छ ।

## १. परिमाणात्मक लक्ष विश्लेषण/ समिक्षा

### क) शैक्षिक सुधार सम्वन्धि प्रगति समिक्षा

| क्र.स. | सूचकहरु | २०७४को मौजुदा स्थिति | २०७५ | | लक्ष प्राप्तिमा देखिएका समस्या तथा अवसरहरु |
|---|---|---|---|---|---|
| | | | वार्षिक लक्ष | प्राप्त उपलब्धि | |
| १ | विद्यालय खुलेको दिन | २३७ | २४० | २४३ | • नेपाल सरकार द्वारा पर्व विदाहरु कटौती गर्ने निर्णय भएकोले विद्यालय खुल्ने दिन वृद्धि भएको,<br>• अनिवार्य सरकारी विदाहरु बाहेका अन्य सबै दिनहरुमा अनिवार्य विद्यालय खोल्ने नितिको अधिकतम कार्यान्वयनमा जोड दिइएको, |
| २ | विद्यालय पढाई भएको दिन | २२७ | २३० | २२८ | • आवधिक परीक्षा तयारी विदा ३ दिन, विद्यालय वार्षिकोत्सव ३ दिन, अभिभावक भेला ३ पटक, वृहद स्वास्थ्य परीक्षण १ दिन, शोक विदा २ दिन, विविध खेलकुद तथा सांस्कृतिक कार्यक्रमहरुको सञ्चालनको लागि ३ दिन गरी विद्यालय खुलेको दिन मध्ये जम्मा १५ दिन पठनपाठन नभएको ।<br>• वार्षिक रुपमा पढाइ भएको दिन २३० पुऱ्याउन नसकिनुको प्रमुख कारण २ वटा अनपेक्षित शोक विदा |

| क्र.स. | सूचकहरु | २०७४को मौजुदा स्थिति | २०७५ | | लक्ष प्राप्तिमा देखिएका समस्या तथा अवसरहरु |
|---|---|---|---|---|---|
| | | | वार्षिक लक्ष | प्राप्त उपलब्धि | |
| | | | | | पर्नु हो । (कक्षा ११ र १२ मा पढ्ने २ जना विद्यार्थीहरुको मृत्यु भएको ) |
| ३ | शिक्षण सामग्रीको प्रयोग | ७१.४२ | ८५ | ८५ | • स्थानीय स्तरमा प्राप्त हुने शैक्षणिक सामग्री संकलन अभियान प्रभावकारी भएको,<br>• विषयगत सामग्री संकलन तथा व्यवस्थापनमा विषयगत समितिहरुको भूमिका प्रभावकारी रहेको,<br>• बजारबाट खरिद गर्नुपर्ने सामग्रीको लागि बजेटको अभाव रहेको |
| ४ | पुस्तकालयमा जम्मा पुस्तक सङ्ख्या | ४४२६ | ४४२६ | ४६२० | • पुस्तकालयमा पुस्तक थप गर्ने कार्यक्रम यस वर्षमा नभएता पनि शिक्षक विद्यार्थीहरुको माग अनुसार केहि पुस्तकहरु विद्यालयको आन्तरिक स्रोतबाट खरिद गरिएको र केहि पुस्तक पूर्व विद्यार्थी नारायणदत्त कंडेल (यु.के) बाट प्राप्त भएकोले पुस्तकालयमा पुस्तकको सङ्ख्यामा वृद्धि भएको, |
| ५ | विज्ञान प्रयोगशाला प्रयोग प्रतिशत | ४० | ६० | ७० | • आवश्यकता अनुसार विज्ञान प्रयोगशाला नियमित प्रयोग गर्ने नीति अवलम्वन गरिएको,<br>• विज्ञान शिक्षकलाई खालि पिरिएडमा पनि प्रयोगशालामा नै रहने व्यवस्था गरिएको,<br>• प्रयोगशाला प्रयोग सम्वन्धि आचार संहिता तथा समय योजना निर्माण गरी कार्यान्वयन गरिएको,<br>• बजेट अभावको कारण विज्ञान प्रयोगशालाका सामग्रीहरु पर्याप्तमात्रामा थप गर्न नसकिएको |
| ६ | प्रतिदिन शिक्षक उपस्थिति प्रतिशत | ९२ | ९५ | ९४ | • विशेष परिस्थिति बाहेक एक दिनमा १ जना भन्दा वढि शिक्षक विदा वस्न नपाउने नीति कार्यान्वयनमा ल्याइएको,<br>• विद्युतीय हाजिरीको व्यवस्था गरी त्यसको प्रयोगलाई प्रभावकारी गराउदै लगिएको,<br>• शिक्षकले नियमानुसार पाउने पर्व तथा क्यावि विदा नलिई विद्यालयमा उपस्थित हुने शिक्षकलाई सो विदामा |

| क्र.स. | सूचकहरु | २०७४को मौजुदा स्थिति | २०७५ | | लक्ष प्राप्तिमा देखिएका समस्या तथा अवसरहरु |
|---|---|---|---|---|---|
| | | | वार्षिक लक्ष | प्राप्त उपलब्धि | |
| | | | | | विद्यालय उपस्थित भएवापत विद्यालयको आन्तरिक स्रोतबाट पारिश्रमिक दिने व्यवस्था गरिएको, |
| ७ | प्रतिदिन विद्यार्थी उपस्थिति प्रतिशत | ९० | ९१ | ९१ | • विद्यार्थी, अभिभावक र शिक्षक बीचको त्रिकोणात्मक सम्वन्ध कायम रहेको,<br>• वार्षिक रुपमा सबै भन्दा बढि उपस्थित हुने विद्यार्थीलाई पुरस्कारको व्यवस्था गरिएकोले विद्यार्थी उपस्थिति दर अपेक्षित रुपमा वृद्धि भएको,<br>• विद्यालयमा अभिभावक सचेतना कार्यक्रम सञ्चालन गरिएकोले विद्यार्थी उपस्थिति वृद्धि भएको, |
| ८ | वार्षिक स्टाफ मिटिङ | १० | ११ | ११ | • हरेक महिनाको मसान्तमा स्टाफ वैठक वसी शिक्षण सिकाइ सम्वन्धि समीक्षा गर्ने र आगामी वर्षकोलागि रणनीतिक योजना निर्माण गर्ने कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिएको। |
| ९ | शैक्षिक उपलब्धी | | | | |
| | कक्षा १–५ | ६० | ६१ | ६३.८ | • शिक्षण सिकाइमा आधुनिक शिक्षण विधिहरु, शैक्षणिक सामग्रीहरुको प्रयोगलाई अनिवार्य गरिएको,<br>• आवधिक तथा निरन्तर मूल्याङ्कन ( एकाई परीक्षा, मासिक परीक्षा, आदि) लाई प्रभावकारी रुपमा लागुगरिएकोले सिकाइ स्तरमा अपेक्षित सुधार देखिएको, |
| | कक्षा ६–८ | ५७ | ५९ | ५८ | • विज्ञान, गणित र कम्प्युटर विषयको पठनपाठ अङ्ग्रेजी माध्यममा सञ्चालन गरिएकोले ति विषयहरुको सिकाइ उपलब्धि अपेक्षित रुपमा सुधार गर्न नसएिको, |
| | कक्षा ९–१० | ४२ | ४३ | ४३ | • शिक्षण सिकाइमा शैक्षणिक सामग्रीको प्रयोग अनिवार्य गरिएकोले सिकाइ प्रभावकारी भएको<br>• विद्यार्थीकेन्द्रित विधिहरुको प्रयोगलाई प्रथमिकता दिइएकोले सिकाइमा सुधार हुदै गएको, |
| | कक्षा ११–१२ | ४१.९५ | ४२ | – | • कक्षा ११ र १२ को २०७५ सालको वार्षिक परीक्षा भै नसकेकोले सिकाइ |

| क्र.स. | सूचकहरु | २०७४को मौजुदा स्थिति | २०७५ | | लक्ष प्राप्तिमा देखिएका समस्या तथा अवसरहरु |
|---|---|---|---|---|---|
| | | | वार्षिक लक्ष | प्राप्त उपलब्धि | |
| | | | | | उपलब्धिलाई समावेश गर्न नसकिएको |
| | विद्यालयको समग्र वार्षिक सिकाइ उपलब्धि | ५०.२३ | ५१.२५ | ५४.९३ (कक्षा ११/१२ को सिकाइ उपलब्धि समावेश नभएको) | • शिक्षण सिकाईमा आधुनिक प्रविधि तथा सामग्रीको प्रयोगमा वृद्धि भएकोले सिकाईमा सकरात्मक प्रभाव देखिएको,<br>• समय समयमा अभिभावक, विद्यार्थी र शिक्षकहरुको बीचमा शैक्षिक गुणस्तर अभिवृद्धि सम्वन्धि अन्तरक्रियात्मक कार्यक्रम सञ्चालन भएकाले विद्यार्थीहरुको सिकाइ स्तरमा सुधार आएको,<br>• विद्यार्थीहरुको उपस्थिति दरमा सुधार भएकोले सिकाइ सुधारमा सहयोग भएको, |
| १० | कक्षा क्रियाकलापमा विद्यार्थी सक्रियता प्रतिशत | ७५ | ८० | ८२ | • कक्षाकोठामा विद्यार्थी केन्द्रित विधिलाई प्राथमिकता दिने गरिएकोले विद्यार्थीहरुको सक्रियतामा वृद्धि भएको,<br>• विद्यार्थीहरुलाई समूहशिक्षण, छलफल, खोज, अभ्यास जस्ता विधिहरुको प्रयोगलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने प्रयत्न गरिएको । |
| ११ | वार्षिक विषयगत शिक्षक वैठक (पटक) | ३ | ८ | ८ | • विषयगत शिक्षक वैठकको लागि क्यालेण्डर निर्माण गरी नियमित वैठक वस्ने नीति अवलम्वन गरिएकोले लक्ष प्राप्तिमा सफलता देखिएको, |
| १२ | अतिरिक्त क्रियाकलाप (वार्षिक पटक) | २५ | २७ | २५ | • फाल्गुण देखि भवन निर्माणको काम शुर भएकोले खेलमैदान पूर्ण रुपमा उपयोग गर्न नसकिएकोले क्यालेण्डर बमोजिमका सबै अतिरिक्त क्रियाकलाप सञ्चालन गर्न नसकिएको |
| १३ | शैक्षिक सुझाव लिएर आउने अभिभावक (प्रतिशत) | २५ | २५ | २७ | • अभिभावक अन्तरक्रिया तथा घरदैलो कार्यक्रम प्रभावकारी भएकोले विद्यालयमा सकरात्मक सुझाव लिएर आउने अभिभावकको सङ्ख्यामा वृद्धि भएको,<br>• विद्यालयमा भौतिक निर्माण तथा अन्य व्यवस्थापकीय सवालहरुमा अभिभावकहरुको सहभागिता एवम् साझेदारितालाई प्राथमिकतामा दिने नीति अवलमवन गरिएको,<br>• विद्यार्थी भर्ना, नतिजा विश्लेषण तथा |

| क.स. | सूचकहरु | २०७४को मौजुदा स्थिति | २०७५ | | लक्ष प्राप्तिमा देखिएका समस्या तथा अवसरहरु |
|---|---|---|---|---|---|
| | | | वार्षिक लक्ष | प्राप्त उपलब्धि | |
| | | | | | अभिभावक विद्यार्थी र शिक्षक बीचको त्रिकोणात्मक अन्तरक्रियामा अभिभावकको उपस्थितिलाई अनिवार्य गरिएको,<br>• विद्यालयमा अभिभावक हाजिरी रजिष्टरको व्यवस्था गरी वाषिृक रुपमा धेरै उपस्थित हुने अभिभावकलाई विद्यालयको वार्षिकोत्सवमा सम्मान गर्ने नीतिगत व्यवस्था गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिएको, |
| १४ | अनुगमन तथा कक्षा सुपरिवेक्षण (वार्षिक) | | | | |
| | प्र.अ. बाट | २२ | २३ | २३ | • प्र.अ.बाट कक्षा अवलोकन गर्ने कार्यलाई वार्षिक क्यालेण्डरमा समावेश गरी नियमित अनुगमनको व्यवस्था गरी कार्यान्वयनमा ल्याइएको, |
| | वि.व्य.स. बाट | १० | ११ | १२ | • वि.व्य.स.ले विद्यालयमा गर्ने अनुगमनलाई अनिवार्य गरी समयवद्ध गरिएको, |
| | शिक्षा अधिकारी/ स्रोतव्यक्तिबाट/........... | १५ | १७ | १९ | • प्रदेश शिक्षा निर्देशक, शिक्षा विकास तथा समन्वय इकाई प्रमुख, गा.पा. प्रमुख, गा.पा. कार्यकारी प्रमुख, स्थानीय शिक्षा अधिकारी तथा स्रोत व्यक्तिहरुबाट विभिन्न समयमा अनुगमन गरी आवश्यक सुझावहरु प्राप्त भएको, |
| १५ | कम्प्युटर प्रयोगशाला तथा ई-पुस्तकालय उपयोग प्रतिशत | ३० | ४० | ४५ | • कम्प्युटर प्रयोगशाला तथा ई-पुस्तकालय प्रयोग सम्वन्धि समय तालिका निर्माण गरी नियमित प्रयोगलाई व्यवस्थित गरिएको,<br>• खालि पिरिएडमा कम्प्युटर प्रयोगशाला तथा ई-पुस्तकालय प्रयोग प्रति आकर्षित हुदै गएको,<br>• शिक्षण सिकाइमा सूचना सञ्चार प्रविधिको उपयोग वृद्धि गरिएकोले कम्प्युटर प्रयोगशाला तथा ई-पुस्तकालय उपयोग प्रतिशत वृद्धि भएको, |
| १६ | पुस्तकालय प्रयोगप्रतिशत | ४० | ५० | ५५ | • पुस्तकालय प्रयोग सम्वन्धि समय तालिका निर्माण गरी सवै कक्षाका विद्यार्थीहरु लाई अनिवार्य पुस्तकालय प्रयोगको व्यवस्था गर्ने प्रयास गरिएको,<br>• शिक्षकहरुको खालि पिरिएड |

| क्र.स. | सूचकहरु | २०७४को मौजुदा स्थिति | २०७५ | | लक्ष प्राप्तिमा देखिएका समस्या तथा अवसरहरु |
|---|---|---|---|---|---|
| | | | वार्षिक लक्ष | प्राप्त उपलब्धि | |
| | | | | | पुस्तकालयमा विताउने नीति वनाई लागु गर्ने प्रयास गरिएको, |

**ख) भौतिक व्यवस्थापन प्रगति समिक्षा**

| क्र.स. | सूचकहरु | २०७४को मौजुदा स्थिति | २०७५ | | लक्ष प्राप्तिमा देखिएका समस्या तथा अवसरहरु |
|---|---|---|---|---|---|
| | | | वार्षिक लक्ष | प्राप्त उपलब्धि | |
| १ | पठनपाठन भवन (कक्षाकोठा) निर्माण | १४ | ३४ | | • प्रक्रियागत जटिलताको कारण समयमा बजेट निकासा हुन नसक्दा समय तालिका अनुसार भवन निर्माण कार्य प्रारम्भ गर्न नसकिएको,<br>• लागत पक्षेपण अनुसार बजेट प्राप्त नरहेको,<br>• शैक्षिक भवनको *DPR* तयार भई विद्यालयको निर्माण समिति मार्फत ८ कोठे भवनको निर्माण कार्य शुरु भैरहेको छ । २०७६ असार मसान्त सम्म घडेरी सम्याइ जग हाल्ने काम सम्पन्न भएको । |
| २ | वाल विकास भवन (कक्षाकोठा ) निर्माण | ० | ९ | | • बाल विकास भवनको *DPR* तयार भई विद्यालयको निर्माण समिति मार्फत ९ कोठे भवनको निर्माण कार्य शुरु भैरहेको छ । २०७६ असार मसान्त सम्म घडेरी सम्याइ जग हाल्ने काम सम्पन्न भएको । |
| ३ | प्रशासनिक भवन | १ | १ | | • बजेट अभावको कारण प्रशासनीक भवन निर्माण कार्य प्रारम्भ गर्न सकिएको छैन । |
| ४ | विद्यार्थी आराम कक्ष | ० | | | • शैक्षिक भवन अन्तरगत विद्यार्थी आराम कक्ष निर्माण भइरहेको छ । |
| ५ | विद्युतीय पुस्तकालय सहितको कम्प्युटर कक्ष | १ | २ | ० | • बजेट अभावको कारण विद्युतीय पुस्तकालय सहितको कम्प्युटर कक्ष निर्माण कार्य प्रारम्भ गर्न सकिएको छैन । |
| | **शैक्षिक तथा अन्य सामग्री/पूर्वाधार व्यवस्थापन** | | | | |
| ६ | वैकल्पिक उर्जा व्यवस्था | | | | |
| | इन्भर्टर | ० | १ | ० | • बजेट अभावका कारण खरिद गर्न सकिएको छैन |
| ७ | डिजिटल / भिडियो क्यामेरा | ० | १ | २८/० | • नेपाल सरकार संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तरगत |

| क्र.स. | सूचकहरु | २०७४को मौजुदा स्थिति | २०७५ | | लक्ष प्राप्तिमा देखिएका समस्या तथा अवसरहरु |
|---|---|---|---|---|---|
| | | | वार्षिक लक्ष | प्राप्त उपलब्धि | |
| | | | | | स्थानीय शासन तथा सामूदायिक विकास कार्यक्रम प्रादेशिक सहयोग इकाइ पोखरा (LGCDP)बाट अनुदान सहयोग प्राप्त भएकोले लक्ष भन्दा वढि उपलब्धि देखिएको । |
| ८ | स्क्यानर | १ | १ | ३ | • १ वटा स्क्यानर मेशिन विद्यालयमा पहिले नै रहेको, १ वटा LGCDP बाट अनुदान प्राप्त भएको र १ वटा नमुना विद्यालय कार्यक्रमको बजेटबाट खरिद गरिएकोले हाल ३ वटा स्क्यानर मेशिन प्रयोगमा रहेको, |
| ९ | विद्युतीय हाजिर मेशिन | ० | १ | १ | • गाउँपालिका संग स्रोत माग गरी विद्युतीय हाजिरी मेशिनको व्यवस्था गरी कार्यान्वयनमा ल्याइएको छ । |
| १० | *SchoolManagement Software* | ० | १ | ० | • बजेट अभावको कारण सफ्टवेयर खरिद गर्न सकिएको छैन । |
| ११ | *CC* क्यामेरा | ० | ० | ८ | • विद्यालयमा सुरक्षा चुनौती वढेकोले *CC* क्यामेरा व्यवस्थापन गर्नुपर्ने देखिएकोले यस वर्षको कार्यक्रममा नराखिएको भएता पनि आकस्मिक रुपमा खरिद गरिएको, |
| १२ | पुस्तकहरु (पुस्तकालय) –अनुसूची ७ अनुसार | | | | • विभिन्न क्षेत्र र विधा अन्तरगतका पाठ्यपुस्तक तथा सन्दर्भ पुस्तक गरी १९४ वटा पुस्तकहरु थप गरिएको छ ।<br>• पुस्तकालय कक्षको अपर्याप्तता तथा बजेट अभावको कारण थप पुस्तकहरुको व्यवस्था गर्न सकिएको छैन । |
| १३ | सांगीतिक सामग्रीहरु –अनुसूची ९ अनुसार | | ० | | • यस वर्षको कार्यक्रमा नराखिउको भए पनि विद्यार्थीहरको माग र आवश्यकतालाई हेरी खैजडी, मुजुरा, मादल, बाँसुरी, सांगीतिक पोशाक, श्रृङ्गारिक लगायतका केहि सामग्रीहरु खरिद गरिएको छ । |
| १४ | शैक्षणिक सामग्रीहरु – अनुसूची ६ अनुसार | | | | • शैक्षिक सामग्रीहरु संकलन एवम व्यवस्थापन गर्न पौष तेस्रो हप्तालाई शैक्षणिक सामग्री संकलन सप्ताहको रुपमा प्रयोग गरिएको, |

| क्र.स. | सूचकहरु | २०७४को मौजुदा स्थिति | २०७५ | | लक्ष प्राप्तिमा देखिएका समस्या तथा अवसरहरु |
|---|---|---|---|---|---|
| | | | वार्षिक लक्ष | प्राप्त उपलब्धि | |
| | | | | | • स्थानीय स्तरमा पाइने र आफैनिर्माण गर्न सकिने किसिमका सामग्रीहरु नक्सा, नमूनाहरु( काठ,माटो, ढुङ्गा, कागज, कपडा आदि बाट निर्माण गरिएका) पोष्टर, वाक्यपत्ती, शब्दपत्ती, आदि शैक्षणिक सामग्रीहरु विद्यार्थी तथा शिक्षकहरु द्वावारा संकलन गरी केहि कक्षाकोठामा स्थायी रुपमा राखिएको छ भने केहि आवश्यकता अनुसार प्रयोगको लागि अफिसमा स्टोर गरिएको छ ।<br>• वार्षिक रुपमा दुई पटक शैक्षिक/शैक्षणिक सामग्रीहरु संकलन/खरिद गर्ने योजना वनाइए पनि समयमा बजेट निकासा नभएको र बजेट अपर्याप्त रहेकोले एक पटक मात्र शैक्षणिक सामग्री संकलन अभियान सञ्चालन गरिएको |
| १५ | खेलकुद सामग्रीहरु –अनुसूची ५ अनुसार | | | | • भलिवल, फूटबल, ब्याटमिन्टन, क्यारम्बोर्ड, वाघचाल, चेस आदि खेलकूद सामग्रीहरु खरिद गरी प्रयोगमा ल्याइएको, |

## ग) विद्यालय सुशासन तथा व्यस्थापकीय प्रगति समिक्षा

| क्र. स. | सूचकहरु | २०७४को मौजुदा स्थिति | २०७५ | | लक्ष प्राप्तिमा देखिएका समस्या तथा अवसरहरु |
|---|---|---|---|---|---|
| | | | वार्षिक लक्ष | प्राप्त उपलब्धि | |
| **क** | **विद्यार्थी व्यवस्थापन (विद्यार्थी सङ्ख्या)** | | | | |
| | वाल विकास कक्षा | ११ | १३ | २६ | • वाल कक्षा पछाडी केजी कक्षाको व्यवस्था गरिएकोले विद्यार्थी संख्या लक्षको ठिक दोव्वर वृद्धि भएको<br>• वाल विकासमा अध्ययन गर्ने वालवालिकाका लागि दिवा खाजा, पर्याप्त खेल सामग्रीहरु तथा पूर्ण पारिवारिक वातावरणको व्यवस्था गरिएकोले अभिभावकहरुको अर्कषणमा वृद्धि भएको । |

| क्र.स. | सूचकहरु | २०७४को मौजुदा स्थिति | २०७५ | | लक्ष प्राप्तिमा देखिएका समस्या तथा अवसरहरु |
|---|---|---|---|---|---|
| | | | वार्षिक लक्ष | प्राप्त उपलब्धि | |
| | कक्षा १-५ | ६३ | ७० | ६७ | • तिव्र वसाईसराईको कारणले सेवाक्षेत्रको जनसङ्ख्या क्रमशः घटदै गएकोले विद्यार्थी सङ्ख्या अपेक्षित रुपमा वढाउन नसकिएको,<br>• छात्रावास निर्माण तथा यातायात व्यवस्थापन जस्ता रणनितिक योजनाहरु बजेट अभावको कारण सञ्चालन गर्न नसकिएकोले सेवाक्षेत्रको विस्तार हुन नसकेकोले अपेक्षित रुपमा विद्यार्थी संख्या वृद्धि गर्न नसकिएको, |
| | कक्षा ६-८ | १४४ | १५५ | १४६ | |
| | कक्षा ९-१० | २१५ | २३० | १९९ | |
| | कक्षा ११-१२ | १३१ | १३५ | १३८ | • आधुनिक शिक्षण विधि तथा सामग्रीमा आधारित शिक्षण सिकाइमा जोड, अतिरिक्त कम्प्युटर कक्षा सञ्चालन, छात्रवृत्ति तथा विपन्न विद्यार्थी सहुलियत कार्यक्रमहरु को प्रभावकारी कार्यान्वयन विद्यार्थीहरु आकर्षित भइ कक्षा ११ /१२ मा अन्य विद्यालयवाट स्थानान्तरण भएर आउने विद्यार्थीको संख्या वृद्धि भएको |
| | **जम्मा** | ५६४ | ६०३ | ५७६ | |
| **ख** | **शिक्षक/ कर्मचारी व्यवस्थापन** | | | | |
| | कक्षा ६-८ | ४ | २ | १ | • आ.व. २०७५/७६ को बजेटबाट बैशाख देखि १ जना शिक्षक थप गरिएको,<br>• बजेट अभावको कारण लक्ष अनुसार शिक्षक थप गर्न नसकिएको |
| | कक्षा ९-१० (साधारण) | ६ | ३ | १ | • बैशाख देखि १ जना शिक्षक थप गरिएको तर नमुना विद्यालय अन्तरगतको बजेट पर्याप्त नभएकोले विद्यालयको आन्तरिक स्रोतबाट व्ययभार वहन गरिएको,<br>• बजेट अभावको कारण लक्ष अनुसार शिक्षक थप गर्न नसकिएको |
| | कक्षा ११-१२ (साधारण) | २ | ३ | ० | • बजेट अभावको कारण कक्षा ११/१२ मा एकजना पनि शिक्षक थप गर्न नसकिएको |
| | **जम्मा** | १२ | ८ | २ | • बजेट अपर्याप्तताको कारण लक्ष अनुसार शिक्षक थप गर्न नसकिएको |

| क्र.स. | सूचकहरु | २०७४को मौजुदा स्थिति | २०७५ | | लक्ष प्राप्तिमा देखिएका समस्या तथा अवसरहरु |
|---|---|---|---|---|---|
| | | | वार्षिक लक्ष | प्राप्त उपलब्धि | |
| **ग** | **प्रशासनीक जनशक्ति व्यवस्थापन** | | | | |
| | व्यवस्थापकीय प्र.अ नियुक्त | १ | १ | १ | • नमूना विद्यालय निर्देशिका २०७४ बमोजिम व्यवस्थापकीय प्र.अ को नियुक्ति गरिएको, |
| | सहायक प्रधानाध्यापक नियुक्त | ० | १ | १ | • विद्यालयको आवश्यकता अनुसार विद्यालयको एकजना शिक्षकलाई सहायक प्रधानाध्यापक नियुक्त गरिएको, |
| | तहगत संयोजकहरु | ० | ४ | ४ | • माध्यमिक तह प्रथम, द्वितिय र आधारभूत तह प्रथम, द्वितियको लागि चार जना शिक्षकलाई तह संयोजकको रुपमा नियुक्त गरिएको, |
| | कार्यालय सहयोगी/ क्लिनर | ० | १ | ० | • बजेट अभावको कारण कार्यालय सहयोगी थप गर्न नसकिएको, |
| **घ** | **अन्य व्यवस्थापकीय सूचकहरु** | | | | |
| | वि.व्य.स वैठक (वार्षिक पटक) | ७ | ९ | १६ | • विद्यालयमा भौतिक निर्माण र शैक्षिक गुणस्तर एवम् अन्य व्यवस्थापकीय कार्यहरु तिव्र रुपमा अगि वढेकोले वि.व्य.स. वैठक अपेक्षित भन्दा राम्रो रहेको, |
| | अभिभावक भेला पटक | २ | ३ | ४ | • वार्षिक कार्ययोजना अनुसार नै अभिभावक भेला तथा अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न गरिएको,<br>• त्रैमासीक, अर्धवार्षिक तथा वार्षिक परीक्षाको नतिजा विश्लेषण र *SEE* परीक्षा तयारीको सन्दर्भमा तहगत रुपमा अभिभावक भेलाको आयोजना गरी अभिभावक, विद्यार्थी, वि.व्य.स., शि.अ.स. तथा शिक्षकहरु बीच सिकाइ उपलब्धि एवम् अन्य शैक्षिक समस्याहरु उपर खुल्ला अन्तरक्रिया गरी विभिन्न रणनितिक योजनाहरु तर्जुमा गरिएको, |
| | पि.टि.ए. वैठक पटक | ३ | ५ | ५ | • वार्षिक कार्ययोजनामा उल्लेख भए बमोजिम शिक्षक अभिभावकको वैठक वसी विविध शैक्षिक मुद्दाहरु उपर छलफल गरिएको, |

| क्र. स. | सूचकहरु | २०७४को मौजुदा स्थिति | २०७५ | | लक्ष प्राप्तिमा देखिएका समस्या तथा अवसरहरु |
|---|---|---|---|---|---|
| | | | वार्षिक लक्ष | प्राप्त उपलब्धि | |
| | घरदैलो कार्यक्रम पटक | १ | २ | २ | ● कक्षा ५, ८ र १० का विद्यार्थीहरुको वार्षिक परीक्षा तयारीलाई दृष्टिगत गर्दै शिक्षक तथा वि.व्य.स द्वारा फाल्गुण महिनाको पहिलो हप्ता घरदैलो कार्यक्रम सम्पन्न गरिएको,<br>● शैक्षिक सत्र २०७६ मा नयाँ भर्नाको लागि २०७५ चैत्र चौथो हप्ता विद्यालयको सेवाक्षेत्र लाई विभिन्न क्लष्टरमा विभाजन गरी वि.व्य.स., शि.अ.स. र शिक्षकहरुको संयुक्त टोली द्वारा घरदैले कार्यक्रम सम्पन्न गरिएको |
| | प्रतिदिन विद्यालय आउने अभिभावक औसत | ३ | ७ | ५ | ● प्रतिदिन विद्यालयमा अभिभावकको औसत सङ्ख्यामा सुधार देखिए पनि लक्ष पूर्ण रुपमा हासिल हुन सकेन । यसको प्रमुख कारण अधिकाशं अभिभावकहरु, अशिक्षित हुनु र केहि शिक्षत अभिभावकहरु पनि वैदेशिक रोजगारीको कारण प्राय विदेश तिर नै रहनु हो । अभिभावकहरुको शिक्षा प्रतिको अनुराग र आकर्षणलाई तत्काल गुणात्मक रुपमा वढाउन कठीन देखिन्छ, |
| | पुरा पिरिएड पढाइहुने दिन प्रतिशत | ९२ | ९३ | ९५ | ● कक्षाकोठामा पुरा पिरिएड पढाई हुने दिनलाई हेर्दा मौजुदा स्थितिमा व्यापक सुधार आएको छ । दैनिक रुपमा पुरै पिरिएड पढाइ गर्ने नीतिलाई कठोरताकासाथ लागु गर्ने प्रयास गरिए पछिलक्ष प्राप्तिमा मद्दत पुगेको छ । |
| | विदा स्वीकृति नगराइ विदा वस्ने शिक्षक प्रतिशत | ५ | ३ | ० | ● विदा स्वीकृत नगराइ विदा वस्ने अवस्था पूर्ण रुपमा निरत्साहित भएको,<br>● शिक्षकले निमानुसार पाउने विदा लिनको लागि प्र.अ. समक्ष निवेदन दिई स्वीकृत गराउनुपर्ने नीतिगत व्यवस्था गरी कठोर रुपमा लागु गरिएको, |
| | विद्यार्थी शिक्षक आचार संहिता निर्माण पटक | १ | २ | २ | ● वैशाख र मंसिर महिनामा शिक्षक विद्यार्थीहरुले पालना गर्नुपर्ने आचारसंहिताहरु निर्माण तथा |

| क्र. स. | सूचकहरु | २०७४को मौजुदा स्थिति | २०७५ | | लक्ष प्राप्तिमा देखिएका समस्या तथा अवसरहरु |
|---|---|---|---|---|---|
| | | | वार्षिक लक्ष | प्राप्त उपलब्धि | |
| | | | | | अध्यावधिक गरी कार्यान्वयनमा ल्याइएको, |
| | प्रवेश परीक्षा (पटक) | ० | १ | १ | ● कक्षा ११मा प्रवेश परीक्षाको रुपमा विद्यार्थीहरुको पूर्वज्ञान परीक्षण गरी विषय छनौटमा व्यक्तिगत परामर्श दिइएको, |
| | मनिटर व्यवस्था (पटक) | १ | ५ | ५ | ● प्रत्येक २/२ महिनामा कक्षा मनिटर परिवर्तन गरिएको, |
| | कलास फादररमोदर (CFM)छनौट पटक | १ | २ | १ | ● वार्षिक रुपमा २ पटक कलास फादर छनौट गर्ने लक्ष निर्धारण गरिए पनि सो हाँसिल गर्न नसकिएको, <br>● विविध कार्यव्यस्तताको कारण कलास फादर/ मोदर परिवर्तनमा ध्यान पुग्न नसकेको, |
| | सार्वजनिक लेखा परीक्षण | १ | १ | १ | ● वार्षिक कार्यतालिका अनुसार नै विद्यालयको सार्वजनिक लेखापरीक्षण सम्पन्न गरिएको, |
| | योजना निर्माण वार्षिक | १ | २ | २ | ● वार्षिक रुपमा दुइ पटक वैशाख अन्तिम हप्ता देखि जेष्ठ पहिलो हप्ता मा विविध शैक्षिक योजनाहरु निर्माण गरी माघमा अध्यावधिक गरिएको |

**२ आर्थिक स्रोत व्यवस्थापन**

**क) शैक्षिक सत्र २०७५ वैशाख देखि चैत्र मसान्त सम्म सम्पन्न कार्यक्रमहरु तथा खर्च विनियोजन**

**(सरकारी दरवन्दीका शिक्षक तथा कर्मचारीहरुको नियमित तलव भत्ता,पाठ्यपुस्तक, छात्रवृत्ति, आदि वाहेक)**

| क्षेत्र/ उपक्षेत्र | कार्यक्रमहरु | गुरुयोजनामा प्रस्तावित वार्षिक बजेट | यथार्थ खर्च | बजेट अन्तर (गुरुयोजनामा प्रस्तावित रकम र यथार्थ रकमको अन्तर) | स्रोत |
|---|---|---|---|---|---|
| शैक्षिक | भर्ना अभियान सञ्चालन | ४०००० | ० | ४०००० | विद्यालयको आन्तरिक स्रोत |
| | स्थानीय स्तरमा पाईने शैक्षिक सामग्रीहरु संकलन तथा व्यवस्थापन अभियान सञ्चालन | ५०००० | १९२६० | ३०७४० | विद्यालयको आन्तरिक स्रोत |
| | आवधिक एवम् निरन्तर मूल्याङ्कन तथा नतिजा विश्लेषण | २६५००० | ७५००० | १९०००० | विद्यालयको आन्तरिक स्रोत |
| | पुरस्कार वितरण तथा विद्यार्थी शिक्षक | ८०००० | ४८११९ | ३१८८१ | विद्यालयको आन्तरिक स्रोत |

| क्षेत्र/ उपक्षेत्र | कार्यक्रमहरु | गुरुयोजनामा प्रस्तावित वार्षिक बजेट | यथार्थ खर्च | बजेट अन्तर (गुरुयोजनामा प्रस्तावित रकम र यथार्थ रकमको अन्तर) | स्रोत |
|---|---|---|---|---|---|
| | प्रोत्साहन | | | | |
| | अभिभावक भेला तथा शैक्षिक अन्तरक्रिया | ३०००० | २५१७० | ४८३० | विद्यालयको आन्तरिक स्रोत |
| | अतिरिक्त क्रियाकलाप सञ्चालन | १००००० | ८७७८९ | १२२११ | विद्यालयको आन्तरिक स्रोत |
| | शैक्षिक भ्रमण | ५००००० | २०८६५५ | २९१३४५ | वडा नं ५ को कार्यालयवाट सहयोग |
| | घरदैलो कार्यक्रम, तथा सञ्चार | ५०००० | १२५०० | ३७५०० | विद्यालयको आन्तरिक स्रोत |
| | शिक्षक तालिम | ५०००० | ३०९०० | १९१०० | नमुना विद्यालयको अनुदान |
| | विद्यार्थी परमर्श तथा उपचार पद्धती | २०००० | ५१८८२ | -३१८८२ | विद्यालयको आन्तरिक स्रोत |
| | **जम्मा** | **११८५०००** | **५५९२७५** | **५८५७२५** | |
| भौतिक | विविध विद्युतीय सामग्री व्यवस्थापन | ३५६००० | ६४४१० | २९१५९० | विद्यालयको आन्तरिक स्रोत |
| | शैक्षिक भवन निर्माण | १३७००००० | २२००००० | ११५००००० | नमुना विद्यालयको अनुदान |
| | विविध मर्मत | २००००० | १७९५३४ | २०४६६ | विद्यालयको आन्तरिक स्रोत |
| | जग्गा खरिद | ५००००० | ४०२५२० | ९७४८० | नमुना विद्यालयको अनुदान |
| | शैक्षिक, खेलकुद तथा सांस्कृतिक सामग्रीहरु खरिद तथा व्यवस्थापन | २८०००० | ७९९३९ | २०००६१ | विद्यालयको आन्तरिक स्रोत |
| | **जम्मा** | **१५०३६०००** | **२९२६४०३** | **१२१०९५९७** | |
| व्यवस्थापकीय | व्यवस्थापकीय प्र.अ नियुक्त | १४६८०० | ७५५४० | ७१२६० | नमुना विद्यालयको अनुदान, |
| | तहगत संयोजकहरु नियुक्त | २६००० | ५००० | २१००० | विद्यालयको आन्तरिक स्रोत |
| | सहायक प्र.अ नियुक्त | १३००० | १५३०० | -२३०० | विद्यालयको आन्तरिक स्रोत |
| | भित्तेपत्रिका प्रकाशन तथा मुद्रण | १०००० | २७२५० | -१७२५० | विद्यालयको आन्तरिक स्रोत |
| | विपद् व्यवस्थापन तथा सुरक्षित विद्यालय निर्माण, वाल अधिकार संरक्षण लगायतका विविध सचेतात्मक कार्यक्रम सञ्चालन | ३०००० | ४५७९० | -१५७९० | विद्यालयको आन्तरिक स्रोत |
| | गुरुयोजना निर्माण तथा प्रमाणिकरण, विविध शैक्षिक तथ्याङ्क एवम् सूक्ष्म योजनाहरु निर्माण, अध्यावधिक तथा कार्यान्वयन | ६०००० | ४१७०६० | -३५७०६० | नमुना विद्यालयको अनुदान |

| क्षेत्र/ उपक्षेत्र | कार्यक्रमहरु | गुरुयोजनामा प्रस्तावित वार्षिक बजेट | यथार्थ खर्च | बजेट अन्तर (गुरुयोजनामा प्रस्तावित रकम र यथार्थ रकमको अन्तर) | स्रोत |
|---|---|---|---|---|---|
| | सूचना तथा सञ्चार व्यवस्थापन | २०००० | ३६४७६.६६ | -१६४७६.६६ | विद्यालयको आन्तरिक स्रोत |
| | वार्षिक परीक्षा (NEB)सञ्चालन | ११५००० | १४३९६५ | -२८९६५ | माध्यमिक शिक्षा परीक्षा कक्षा ११ र १२ को लागि प्राप्त रकम वाट |
| | अतिथि सत्कार | ५०००० | २८१०५ | २१८९५ | विद्यालयको आन्तरिक स्रोत |
| | मसलन्ध तथा कार्यालय खर्च | १००००० | १०२३९२ | -२३९२ | विद्यालयको आन्तरिक स्रोत |
| | लेखा परीक्षण, कार्यसम्पादन आदि | १००००० | ४७६०० | ५२४०० | लेखा परिक्षणका लागि सरकारी स्रोतवाट प्राप्त रकम रु १५०००, विद्यालयको अन्तरिक श्रोत |
| | **जम्मा** | ७१०८०० | ९४४४७८.६६ | -२७३६७९ | |
| शैक्षिक भौतिक र व्यवस्थापकीय जम्मा रकम रु | | १६९३१८०० | ४४३०१५६.७ | १२४२१६४३ | |

**नियमित कार्यक्रम अन्तरगत खर्च भएको विवरण**

| क्र.स. | शिर्षक | रकम रु | कैफियत |
|---|---|---|---|
| १ | तलव भत्ता | ८१८५४५१.७ | |
| २ | क संकोष | ६६७१६८.४ | |
| ३ | विमा | ९०७२८ | |
| ४ | सा.सु | ७८७५७ | |
| ५ | आयकर | ५५३८२ | |
| ६ | रजि आवेदन | २९६५०० | |
| ७ | छात्रवृक्ति | १४२१०० | |
| ८ | पा.पु | १६७६६५ | |
| ९ | ट्याक्स वैक | १२९४६७.६६ | |
| १० | जम्मा | ९८१३२१९.८ | |
| | जम्मा रकम रु | १४२४३३७६.४ | |
| ११ | आवधिक मुल्याङकन (७५०००) र तहगत संयोजक (५०००) मा रहेको रकम आव २०७६ श्रावणमा भुत्तानी गरिएकोले सामाजिक परीक्षणमा समावेश गरिएको छैन । | ८०००० | |
| १२ | सामाजिक परीक्षणमा आ.व २०७५/७६ को कुल खर्च रकम रु | १४१६३३७७ | |
| १३ | विद्यालयको आन्तरिक श्रोत | ११६०१७१.७ | |
| १४ | सरकारी अनुदान | ३२६९९८५ | |
| १५ | जम्मा रकम रु | ४४३०१५६.७ | |

## ख) आ.व.२०७५/०७६ को यथार्थ आम्दानी

| क्र.स. | आम्दानीका सोतहरु | आय रकम रु | कै |
|---|---|---|---|
| 1 | नेपाल सरकार वाट प्राप्त अनुदान | २४०५०७७३.०० | नेपाल सरकारवाट नमुना विद्यालय अनुदान शिर्षक अन्तरगत उपलब्ध भएको आम्दानी रकम । |
| 2 | विद्यालयको आन्तरिक स्रोत (विभिन्न संघ सस्थाहरुको सहयोग समेत) | ३४६७७२२.७६ | २०७५ वैशाख देखि चैत्र मसान्त सम्म विद्यालयका विभिन्न आन्तरिक स्रोतहरु तथा स्थानीय सरकार, संघ, सस्था एवम् सहयोग दाताहरुवाट प्राप्त आम्दानी । |
| जम्मा रकम रु | | २७५१८४९५.७६ | |

## ग) आ.व. २०७५/०७६ को यथार्थ खर्च विवरण

| क्र.स. | आम्दानीका क्षेत्रहरु | शैक्षिक | भौतिक | व्यवस्थापकिय | जम्मा रकम | कै |
|---|---|---|---|---|---|---|
| 1 | नेपाल सरकार वाट प्राप्त अनुदान | २३९५५५ | २६०२५२० | ६५१५६५ | ३४९३६४० | शैक्षिक तथा व्यस्थापकिय पक्षमा गरिएको खर्च २०७५ चैत्र मसान्त सम्मको यथार्य रहेको र भौतिक तर्फको खर्च भवन निर्माण पक्ष संग सम्झौता अनुसारको प्रस्तावित रहेको छ । |
| 2 | विद्यालयको आन्तरिक स्रोत (विभिन्न संघ सस्थाहरुको सहयोग समेत) | ३१९७२० | ३२३८८३ | २९२९१३.६६ | ९३६५१६ | शैक्षिक सत्र २०७५ मा विद्यालयको आन्तरिक स्रोतवाट तथा विभिन्न संघ सस्थाहरुवाट यथार्थ रुपमा प्राप्त सहयोग रकम अनुसारको खर्च मात्र उल्लेख गरिएको छ भने थप सम्भावित /प्रस्तावित आम्दानी (सहयोग) तथा खर्चलाई आर्थिक वर्षको अन्त्यमा प्रतिवेदनमा उल्लेख गरिने छ । |
| जम्मा रकम रु | | ५५९२७५ | २९२६४०३ | ९४४४७८.६६ | ४४३०१५६ | |

## घ) शैक्षिक सत्र २०७५ भित्र सञ्चालन हुन नसकेका प्रस्तावित कार्यक्रमहरु

| क्षेत्र/ उपक्षेत्र | कार्यक्रमहरु | कार्यक्रम सञ्चालन हुन नसक्नुका प्रमुख कारणहरु |
|---|---|---|
| शैक्षिक | विषय विशेषज्ञहरु संग शैक्षिक अन्तरक्रिया | • नेपाल सरकारबाट गुरुयोजना स्वीकृत हुन ढिलाई हुनु,<br>• गुरुयोजनामा माग गरिए बमोजिमको आर्थिक स्रोत नेपाल सरकार बाट प्राप्त हुन नसक्नु,<br>• नमुना विद्यालय विकासको लागि नेपाल सरकारबाट प्राप्त भएको शसर्त बजेट निकासामा प्रक्रियागत जटिलताहरुको कारण ढिलाई हुनु, |
| | फिडर विद्यालयहरु संग एकिकृत कार्यक्रम सञ्चालन । | |
| | शिक्षक तालिम | |
| | आर्थिक अवस्था कमजोर भएका विद्यार्थीहरुका लागि सिकाइ सहयोग कार्यक्रम सञ्चालन | |
| | सिकाइ स्तर कमजोर भएका विद्यार्थीहरुका लागि अतिरिक्त कक्षाको व्यवस्था | |
| | अन्य नमुना विद्यालयहरु संग अन्तरक्रिया तथा सिकाई आदान प्रदान | |

| क्षेत्र/ उपक्षेत्र | कार्यक्रमहरु | कार्यक्रम सञ्चालन हुन नसक्नुका प्रमुख कारणहरु |
|---|---|---|
| भौतिक | प्रशासनीक भवन निर्माण | • कार्यक्रम सञ्चालनको प्रथम वर्ष भएकोले व्यवस्थापनमा केहि समस्या पैदा हुनु,<br>• विभिन्न स्थानीय संघ संस्था तथा सहयोगदाताहरु बाट प्रस्ताव भए बमोजिमको सहयोगमा कमी देखिनु,<br>• विद्यालयको आन्तरिक स्रोतबाट अपेक्षा गरे अनुसारको आम्दानी नहुनु । |
| | प्रयोगशाला तथा पुस्तकालय भवन | |
| | चौकीदार वस्ने घर(Guard House) | |
| व्यवस्थापकीय | वि.व्य.स., शिक्षक अभिभावक संघ, विद्यालय विपद् व्यवस्थापन समिति लगायत विद्यालयमा क्रियाशिल विभिन्न विभागिय समितिहरुको कार्यदक्षता विकास सम्वन्धि तालिम एवम् कार्यक्रम सञ्चालन | |
| | विद्यालयको मुखपत्र तथा क्यालेण्डर प्रकाशन | |
| | वुककर्नर व्यवस्था | |

**ङ) बिना बजेट सम्पन्न कार्यक्रमहरु**

शैक्षिक

- वार्षिक कार्यपात्रो, सरसफाई योजना तथा विपद् व्यवस्थापन तथा सुरक्षित विद्यालय योजना निर्माण गरी कार्यान्वयनमा ल्याइएको,
- विषयगत समिति तथा स्टाफ वैठका विभिन्न विषयगत समस्याहरु बारेमा अन्तरक्रिया गरी समस्या समाधान गर्ने प्रयत्न गरिएको,
- चोमासिक रुपमा सहपाठी शिक्षकहरुबाट अन्तर कक्षा अवलोकन गरी समस्यको पहिचान र आवश्यक सुझाव आदन प्रदान गर्ने गरिएको ,
- विद्यालयमा सञ्चालित आन्तरिक परीक्षाहरुको नतिजा प्रकाशन पश्चात शिक्षक वैठकमा परीक्षाको नतिजा विश्लेषण गर्ने शगकरिएको,

**भौतिक**

- विहानी प्राथनाको समय पछि सरसफाई क्यालेण्डर अनुसार अनिवार्य रुपमा विद्यालय परिसर तथा कक्षाकोठा सरसफाई गर्ने गरिएको,
- ग्रिन क्लव, बाल क्लव, यु.रे.स. विपद् व्यवस्थापन समितिको नेतृत्वमा विद्यालय परिसरभित्र रहेको खालि ठाउँमा फूलबारी निर्माण गरिएको,

**व्यवस्थापकीय**

- बाल क्लव, ग्रिन क्लव, यु.रे.स., विपद् व्यवस्थापन समिति, पुस्तकालय व्यवस्थापन समिति, विद्यालय क्षेत्र सरसफाई समिति, खेलकूद समिति, आतिरिक्त क्रियाकलाप व्यवस्थापन समिति तथा विद्युतीय पुस्तकालय व्यवस्थापन समिति गठन भएको,
- दैनीक कक्षा क्रियाकलापकोख मूल्याङ्कन गर्ने, कक्षा योजना तर्जुमा गर्ने र कक्षा लाई अनुशासित गराउन प्रत्येक कक्षामा कक्षा शिक्षकको जिमेबारी तोकिएको,
- विभिन्न आवधिक तथा निरन्तर मूल्याङ्कनलाई व्यवस्थित गर्न परीक्षा समिति गठन गरिएको,
- विद्यालयका विविध वार्षिक योजना निर्माण गर्न, विद्यालयको शैक्षिक गुणस्तर परीक्षण गरी आवश्यक सुधारको लागि सिफारिस गर्न, विद्यालयमा आवश्यक शैक्षिक तथा भौतिक सामग्रीहरुको खरिद र व्यवस्थापन गर्न विभिन्न संघ संस्था लगायत विभिन्न क्षेत्र संग सम्पर्क र समन्वय गर्न, विभिन्न विषयको शैक्षिक गुणस्तर कायम गर्न र व्यवस्थित तरिकाले नियन्त्रण र निर्देशन गर्न क्रमश: वार्षिक योजना निर्माण समिति, शैक्षिक अनुगमन तथा गुणस्तर परीक्षण समिति, सामाजिक सम्पर्क तथा समन्वय समिति र विषयगत समितिहरुको व्यवस्था र नियुक्ति गरिएको ।